निर्णयहरु:

१. ताजा जनादेश बमोजिम गठन हुन गइरहेको सुदूरपश्चिम प्रदेश सरकारले लिनु पर्ने सुधारका पहलकदमीहरु पहिचान गरी एकत्रित सुधार कार्ययोजना तयार गर्ने । आर्थिक मामिला मन्त्रालयको सचिवको संयोजकत्वमा भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिव र मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको सचिव सहितको सुधार कार्ययोजना मस्यौदा समिति गठन गर्ने । मन्त्रालय तथा निकायहरुबाट प्राप्त मस्यौदालाई समितिले परिमार्जन गरी पुस २० गते भित्र प्रमुख सचिव समक्ष पेश गर्ने ।

२. प्रदेश सभाका नवनिर्वाचित सदस्यहरुको स्वागत तथा बधाई एवं प्रदेश सरकारको प्रथम कार्यकालको अनुभव सिकाइ एवं भावी कार्यदिशा सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । यसको संयोजन तथा व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने । कार्यक्रमको रुपरेखा, लजिष्टिक, स्रोतसाधन, अन्य समन्वय, व्यवस्थापन एवं सञ्चालनको लागि देहाय बमोजिमको एक आयोजक समिति गठन गर्ने ।

समिति :

संयोजक – सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय

सदस्य – सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्य – सचिव, आर्थिक मामिला मन्त्रालय

सदस्य - सचिव, प्रदेश सभा सचिवालय

३. प्रदेश सरकारको प्रथम कार्यकालको माननीय मुख्यमन्त्रीज्यू र मन्त्रीज्यूहरुलाई बधाई तथा सम्मान कार्यक्रम आयोजना गर्ने । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा आन्तरिक मामिला तथा कानून र आर्थिक मामिला मन्त्रालयका सचिव सम्मिलित एक समितिले सो कार्यक्रमको समन्वय,व्यवस्थापन तथा सञ्चालन गर्ने । निर्णय नं. ३ र ४ बमोजिमको कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख आतिथ्यताको लागि प्रमुख सचिवले अनुरोध एवं समन्वय गर्ने ।

४. नेपालको संविधान बमोजिम एकल र साझा अधिकार सूची अन्तर्गत मन्त्रालय तथा निकायसँग सम्बन्धित विषयक्षेत्रमा तर्जुमा गर्नुपर्ने कानुनको पहिचान र प्राथमिकीकरण गरी ३ दिनभित्र कानून तर्जुमा सुझाव समितिमा पठाउने ।

५. प्रथम चौमासिक समीक्षा तथा प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकको निर्णय एवं निर्देशन अनुसार प्रथम चौमासिकको न्यून प्रगतिमा उल्लेख्य सुधार गरी दोश्रो चौमासिकमा चालु वर्षको बजेट तथा कार्यक्रमले लिएको लक्ष्य बमोजिमको वित्तीय तथा भौतिक प्रगति हासिल गर्ने गरी कार्यसम्पादन गर्ने गराउने ।

६. नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा बसेको सचिव बैठकका निर्णयहरु तोकिएको समयसीमा भित्रै कार्यान्वयन गरी सो को प्रगति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

७. सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयले नेपाल सरकारले कैलाली जिल्ला धनगढी उ.म.न.पा.मा निर्माण गरेको होल्डिङ सेन्टर उपयोग, सञ्चालन तथा व्यवस्थापनको उपयुक्त मोडालिटी पहिचान गर्ने र भौतिक पूर्वाधार विकास मन्त्रालयले सो होल्डिङ सेन्टरमा निर्माण तथा व्यवस्थापन गर्न आवश्यक थप भौतिक पूर्वाधार र अन्य प्राविधिक पक्षको अध्ययन गरी लागत अनुमान तयार गरी ३ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने ।

८. आर्थिक मामिला मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगले आगामी आर्थिक वर्षको लागि प्रदेशसँग वित्तीय हस्तान्तरण अन्तर्गत सबै स्थानीय तहले आयोजना माग गर्दा प्रयोग गर्ने विद्युतीय प्रणाली र सोही बमोजिमको कार्यविधि संशोधन परिमार्जन गरी सबै स्थानीय तहलाई अभिमुखीकरण गर्ने ।